# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


मिति:२०८०।०७।०३

प.सं. २०८०।०८१(पञ्जीकरण)

च.नं. २०२

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

<u>विषय: आवश्यक कार्यार्थ।</u>

श्री वडा कार्यालय (१-२९) सबै,
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन

प्रस्तुत विषय सम्बन्धमा जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. ०८०/०८१ च.नं २०३३ मिति २०८०/०६/२९ को **व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारीकता सम्बन्धी** पत्रको छायाँ प्रति यसैपत्र साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेश अनुसार अनुरोध छ।

बोधार्थ:
सुचना तथा सञ्चार प्रविधि शाखा,भरतपुर महानगरपालिका:वेबसाईट मार्फत सूचना सम्प्रेषण गरिदिनुहुन।

(विष्णु माया आचार्य)
अधिकृत


056-515771, 511013, 511467, 511083
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

चितवन

फोनः ०५६-४९०८४४
०५६-४९०४९८
०५६-४९०१५५
०५६-४९०२४५

प.सं. ०८०/०८१ च.नं. २०३३ मितिः-२०८०।०६।२९

विषयः- व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा ।

श्री स्थानीय तह सबै,
चितवन ।

प्रस्तुत विषयमा परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं. १४९, प.सं. ०७९/०८० मिति २०७९/०४/२३ को पत्रको छायाँप्रति यसै पत्रसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गरी तहाँका वडा कार्यालयबाट जिल्ला प्रशासन कार्यालयमा नयाँ नागरिकता, प्रतिलिपि, नाबालक परिचयपत्र लगायत नियमानुसार सिफारिस गर्दा १३ अंक सहितको घटना दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न राखेरमात्र सिफारिस गर्नुको लागि सबै वडा कार्यालयहरुमा जानकारी गराई सोही अनुरुप मात्र हुने व्यवस्थाका लागि आवश्यक समन्वय, सहयोग र सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

०८०।६।२९
सहायक प्रमुख जिल्ला अधिकारी

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास समृद्धि र सुशासन"

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४,
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९४९

मिति : २०७९/०४/२३

विषयः व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा।

श्री कन्सुलर सेवा विभाग,

श्री जिल्ला प्रशासन कार्यलय, सबै,

श्री ईलाका प्रशासन कार्यलय, सबै

यस विभागले व्यक्तिगत घटना (जन्म, मृत्यु, बिवाह, सम्वन्ध विच्छेद र बसाईसराइ) दर्ता र सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको कार्य सूचना प्रविधि प्रणाली (VERSP-MIS) मा आधारित रहेर गर्दै आएको विदितै छ। हाल ७५३ वटा स्थानीय तहका ६२६५ वडामा अनलाइन घटना दर्ता हुने गरेको र उक्त विवरण विभागको वेबसाईट https://donidcr.gov.np/Dashboard/ListVDC मा समेत अपलोड गरिएको छ। यस सन्दर्भमा विभागको अनलाइन प्रणालीबाट जारी हुने १३ अंक सहितको घटना दर्ताको प्रमाणपत्रलाई मात्र तहाँ कार्यलयको प्रयोजनको लागि आधिकारिक मान्यता दिने व्यवस्था हुन, आदेशानुसार अनुरोध छ।

बोधार्थः स्थानीय तह सबै, सम्पुर्ण विद्यालयमा माथि उल्लेखित विषयमा परिपत्र गर्नुहुन।

(मीना अर्याल)
निर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np